बलेफी गाउँपालिका
བལེ་ཕི། གྲོང་ཁྱེར།
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नं. :(सूचना नं: ६५)

बागमती प्रदेश, नेपाल

## अपाङ्गता सम्बन्धी समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना!!!

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२३)**

प्रस्तुत विषयमा चालु आ. व. २०८२/०८३ को यस कार्यालयको स्वीकृत बागमती प्रदेशको सशर्त कार्यक्रममध्ये अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम (CBR) का लागि यस बलेफी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक कार्यक्रम सञ्चालन गरिने भएकोले सो कार्यक्रमका लागि गाउँपालिका भित्र स्थापना भई कार्यक्षेत्र भएका अपाङ्गता सम्बन्धी काम गर्न इच्छुक र अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालन गरिएको संस्थाले तपसिलको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपसिल:-

१. संस्था दर्ता/नवीकरण प्रमाणपत्र प्रतिलिपी,
२. स्थायी लेखा नम्बर (PAN)/कर दर्ता र गत आ.व. को करचुक्ता प्रमाणपत्र प्रतिलिपि,
३. समाज कल्याण परिषदमा आवद्धता प्रमाणपत्र,
४. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा संस्थाको कार्यसमिति निर्णय निर्णयको प्रतिलिपि,
५. इकाईगत लागत प्रष्ट खुलेको कार्यक्रम प्रस्ताव,
६. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात,
७. गत आ.व. मा अनुदान प्राप्त भएको भए सञ्चालित कार्यक्रमको प्रगती प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन।

(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३८ ०११-४००५३९ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality